ऐसेलुखर्क गाउँपालिका
**गाउँ कार्यपालिकाको कार्यालय**
**ऐसेलुखर्क, खोटाङ**

☎ ०३६-४११११०३
☎ ०३६-४११११०४
E-mail :aiselukharka2073@gm
Website:www.aiselukharkamu
१ नं. प्रदेश, नेपाल

प.स:-०७७/०७८
च.नं.:-

मिति: २०७७/०८/१४

# सूचना ! सूचना !! सूचना !!!

संघीय आयोजना कार्यान्वयन इकाई/सघन शहरी तथा भवन निर्माण आयोजनाको पत्रानुसार तथा सुरक्षित नागरिक आवास समन्वय समितिको मिति २०७७/०८/०९ गतेमा बसेको बैठकको निर्णय नं. २ अनुसार नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्वन्धी ऐन,२०७५ बमोजिम उपयुक्त, सुरक्षित र वातावरण मैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवारविहिन भएका घरपरिवारहरुले सुरक्षित आवास निर्माण आफैंले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिवीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास कार्यक्रम रहेको हुनाले "सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५" को दफा १०(ख) अनुसार यस कार्यालय मार्फत १०(दश) दिने सूचना जारी गर्ने निर्णय भएकोले यस गाउँपालिका क्षेत्रभित्र उपरोक्त अनुसारको घरधनीहरुले यस गाउँपालिकाको वडा कार्यालयहरुवाट निशुल्क रुपमा निवेदनको नमुना प्राप्त गरी आवश्यक विवरण भरी १० (दश) दिन (मिति २०७७/०८/२४ गते) भित्र वडा कार्यालयमा बुझाउनु हुन सम्वन्धित सवैलाई अनुरोध गरिन्छ । साथै म्याद समाप्त भए पश्चात प्राप्त हुने निवेदन उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा समेत अनुरोध छ ।

(बुकु प्रसाद आचार्य)
प्रमुख प्रशासकीय अधिकृत